# बजेट तथा कार्यक्रम तर्जुमा समिति कार्यसंचालन कार्यविधि २०७८

कार्यपालिका वाट स्वीकृत मिति : - २०७८/०२/ १६

**नवदुर्गा गाउँपालिका**

**मणिलेक, डडेल्धुरा**

# नवदुर्गा गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति (कार्य संचालन) कार्यविधि २०७८

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६७ ले गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था (दफा ६७.१) गरी सो समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था (दफा ६७.२) समेत गरेको छ । साथै सोही दफाको उपदफा (३) ले समितिको वैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुने भन्ने प्रावधान समेत रहेको छ ।

गाउँपालिकामा रहेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने, आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम प्रस्ताव गर्ने, बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषयक्षेत्रगत रुपमा बाँडफाँड गरी सोको प्रतिवेदन कार्यपालिकामा पेश गर्ने लगायतका कार्यहरु सम्पादन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ बमोजिम गठन भएको बजेट तथा कार्यक्रम तर्जुमा समितिले आफनो वैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सकिने कानूनी व्यवस्था भएतापनि यस सम्बन्धी कार्यविधिको अभावमा समितिका बैंठकहरु प्रभावकारी रुपमा संचालन गर्न नसकिएको र संविधान तथा ऐनका प्रावधान अनुसारको काम, कर्तव्य र अधिकार बमोजिम गतिशिल गराउन नसकिरहेको विद्यमान अवस्थालाई दृष्टिगत गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम कारवाहीलाई प्रभावकारी र परिणाममुखी बनाउन वान्छनीय भएकोले नवदुर्गा गाउँपालिकाले ऐनको दफा ६७ को उपदफा (३) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसंचालन कार्यविधि, २०७८ जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम नवदुर्गा गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति (कार्य संचालन) कार्यविधि २०७८ रहने छ ।

(२) यो कार्यविधि नवदुर्गा गाउँ कार्यपालिकाले स्विकृत गरी राजपत्रमा प्रकाशित गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः**

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” भन्नाले नवदुर्गा पालिकालाई सम्झनु पर्दछ ।

(ग) “समिति” भन्नाले ऐनको दफा ६७ बमोजिम गठन हुने बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई सम्झनु पर्दछ ।

(घ) "संयोजक" भन्नाले र बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(ङ) "पदाधिकारी" भन्नाले समितिका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(च) "दिग्दर्शन" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई सहजिकरण गर्ने उद्देश्यले तयार पारेको स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ लाई सम्झनु पर्दछ ।

(छ) "सदस्य सचिव" भन्नाले समितिका सदस्य सचिवलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यक्षेत्र

३. **समितिको कार्यक्षेत्रः** (१) समितिको कार्य क्षेत्र ऐनको दफा ६७ उपदफा २ मा उल्लेखित कामका अतिरिक्त देहाय बमोजिम हुनेछः

(क) आवधिक योजना, विषयक्षेत्रगत तथा रणनीतिक योजनाको सूचकसँग तालमेल हुने गरी वार्षिक योजना तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(ख) समितिले स्थानीय सम्भाव्यता र आवश्यकता अनुसार रणनीतिक, विषयक्षेत्रगत विकास योजना तर्जुमा गरी पेश गर्ने

(ग) योजना तर्जुमा प्रक्रिया पुरा गरी निर्धारित अवधिमा वार्षिक योजना तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(घ) वार्षिक योजना तर्जुमाका देहायबमोजिमका ७ वटा चरण मध्ये क्रमश तेस्रो, चौथो र पाँचौ चरणका कार्यहरु प्रभावकारी रुपमा सम्पादन गर्ने ।

(१) बजेटको पूर्व तयारी

(२) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण

(३) बस्ती तहका योजना छनौट

(४) वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण

(५) बजेट तथा कार्यक्रम तर्जुमा

(६) कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति

(७) सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति

(ङ) सहभागितामूलक विधिबाट र मापदण्ड वमोजिमको प्राथमिकताका आधारमा योजना छनौट गर्ने ।

(च) वितरणमुखी भन्दा दीर्घकालीन महत्वका र वृहत्त योजनाहरु छनौट गर्ने ।

(छ) वस्ती वा टोलस्तरबाट माग संकलन, प्राथमिकीरण तथा छनौट सम्बन्धी कार्य गर्ने ।

(ज) वडास्तमा प्राथमिकता निर्धारण गर्ने गरेको

(झ) सबै (५ वटा) विषयगत समितिहरुलाई कृयाशिल गराई प्राप्त वजेट सीमा बमोजिम क्षेत्रगत योजनाहरुको प्राथमिकिकरण गरी समितिमा पेश गर्न आवश्यक सहजिकरण गर्ने ।

(ञ) स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ (३) वमोजिमका प्राथमिकताका आधारमा मात्र योजना छनौट र प्राथमिकिकरण गर्ने ।

(ट) ऐनको दफा २५ बमोजिम स्थानीय तहसँग समन्वय गरी कार्य गर्नुपर्ने गैरसरकारी संघ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ संस्थासँग आवश्यक समन्वय गरेर ति संघ संस्थाहरुको वार्षिक कार्यक्रम तथा वजेटलाई गाउँपालिकाको नीति, कार्यक्रम र बजेटमा समावेश गर्ने ।

(ठ) योजना प्राथमिकीकरणका विधि र प्रक्रिया पारदर्शी बाउने ।

(ड) कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद ३
## समितिका पदाधिकारीहरुको भुमिका

४. **समितिको संयोजकको भुमिकाः** (१) बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको मुख्य भुमिका देहाय अनुसार रहनेछ ।

(क) समितिको बैंठकको अध्यक्षता गर्ने,

(ख) बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा अध्यक्ष र कार्यपालिकासँग आवश्यक परामर्श गर्ने,

(ग) सदस्य सचिवसँगको परामर्शमा समितिको बैंठकको मिति तथा समय तोक्ने,

(घ) बैठकको सम्भावित कार्यसूची तय गर्ने,

(ङ) विषयगत समितिहरुको कृयाशिलताको लागि आवश्यक समन्व्य गर्ने,

(च) बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यक्षेत्रमा पर्ने सम्पूर्ण कार्यहरुको प्रभावकारी कार्यसम्पादनको लागि नेतृत्व प्रदान गर्ने,

(छ) अध्यक्ष, कार्यपालिका वा समितिले तोकेका अन्य कार्य गर्ने ।

५. **समितिका सदस्यहरुको भुमिकाः** (१) बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यहरुको मुख्य भुमिका देहाय अनुसार रहनेछ ।

(क) आफुले नेतृत्व लिएको विषयगत समितिको संयोजकको हैसियतमा समितिको सदस्यको रुपमा बैठकमा सहभागि हुने,

(ख) सम्बन्धित शाखाहरुको समन्वयमा आफ्नो विषयगत क्षेत्रको वार्षिक नीति तथा कार्यक्रमको मस्यौदा गरी सिमतिमा पेश गर्ने,

(ग) आफ्नो विषयगत क्षेत्रको लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमाभित्र रही वस्ती तथा वडा तहबाट प्राथमिकिकरण भै आएका आयोजना तथा कार्यक्रमलाई समायोजन गरी समितिको बैठकमा पेश गर्ने,

(घ) आफ्नो विषयगत क्षेत्रमा पर्ने नीति तथा कानुन तर्जुमा गर्न आवश्यक नेतृत्व लिने,

(ङ) स्वीकृत वार्षिक नीति तथा कार्यक्रम र बजेट मध्ये आफ्नो विषयगत क्षेत्रमा परेका नीति तथा कार्यक्रम र वजेटको प्रभावकारी कार्यान्वयनमा कार्यपालिका र सम्बन्धित शाखासँग आवश्यक समन्वय गर्ने,

(च) दिग्दर्शन र समितिले तोकेका अन्य कार्य गर्ने ।

६. **समितिको सदस्य सचिवको भुमिकाः** (१) बजेट तथा कार्यक्रम तर्जुमा समितिको सदस्य सचिवको मुख्य भुमिका देहाय अनुसार रहनेछ ।

(क) समितिको सचिव भई सचिवालय सञ्चालन सम्बन्धी आवश्यक जिम्मेवारी निर्वाह गर्ने,

(ख) संयोजकसँगको समन्वयमा बैठकको कार्यसूची तयार गर्ने, प्रस्ताव तयार गर्ने र सदस्यहरुलाई पत्राचार गर्ने,

(ग) विषयगत शाखाहरुसँगको समन्वयमा सूचना तथा तथ्याँकहरुको संकलन, विश्लेषण गरी समितिको बैठकमा पेश गर्ने,

(घ) विषयगत समितिहरुबाट प्राप्त क्षेत्रगत वार्षिक नीति तथा कार्यक्रम र वजेटको प्राथमिकतालाई एकत्रित गरी समितिको बैठकमा पेश गर्ने,

(ङ) समितिबाट स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम कार्यपालिकामा पेश गर्न प्रतिवेदन तयार गर्ने,

(च) समितिको वार्षिक प्रतिवेदन तयार गर्ने,

(छ) दिग्दर्श र समितिले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद ४

## समितिको न्युनतम बैंठक र समयतालिका, बैठकका सम्भावित कार्यसूची तथा बैठक सम्बन्धी कार्यविधि

### ७. समितिको बैठक

समितिले एक आर्थिक वर्ष (श्रावण देखि आषाढ) भित्र सामान्यतया ४ वटा बैठक गर्नुपर्नेछ । समितिको न्युनतम बैंठक संख्या र समय तालिका देहाय अनुसार हुनेछ ।

| क.सं. | बैंठक संख्या | बैंठकको सम्भावित मिति | बैंठकको सम्भावित कार्यसूची |
|---|---|---|---|
| १ | बैठक संख्या १ | बैशाख १५ गते भित्र | कार्यविधिको दफा ८ मा उल्लेख भए बमोजिम |
| २ | बैठक संख्या २ | जेठ २० गते भित्र | कार्यविधिको दफा ९ मा उल्लेख भए बमोजिम |
| ३ | बैंठक संख्या ३ | आषाढ ५ गते भित्र | कार्यविधिको दफा १० मा उल्लेख भए बमोजिम |
| ४ | बैठक संख्या ३ | पौष मसान्त भन्दा अघि | कार्यविधिको दफा ११ मा उल्लेख भए बमोजिम |

८. **पहिलो बैठकको सम्भावित कार्यसूची (एजेण्डा):** (१) समिति संयोजकले सदस्य-सचिव समेतको परामर्शमा वैठकका प्रस्तावित कार्यसूची तयार गर्नुपर्नेछ । उक्त बैठकको सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनसक्ने छन् :

(क) चालु आ.व.मा सञ्चालित कार्यक्रम, आयोजनाहरुको प्रगति समिक्षाका लागि विषयगत समितिबाट प्रतिवेदन तयार गर्ने,

(ख) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको श्रोत अनुमान, श्रोत बाँडफाँट, प्राथमिकीकरणका आधार तथा मार्गदर्शनहरुको पुनरावलोकन गर्ने,

(ग) गाउँपालिकाको आवधिक योजना तयार भएको भए सो योजनाले इंगित गरेका लक्ष्य, उद्देश्य, प्राथमिकताका कार्यक्रम/आयोजनाहरुको पुनरावलोकन गर्ने,

(घ) गाउँ कार्यपालिकामा विषयगत समितिहरु गठन नभएको अवस्थामा अध्यक्षको परामर्शमा विषयगत समितिहरु गठन, काम, कर्तव्य र अधिकार तोक्नका लागि प्रस्ताव तयारीको लागि जिम्मेवार पदाधिकारी/कर्मचारी तोकी कार्यपालिकामा छलफल तथा निर्णयका लागि पेश गर्ने,

(ङ) गाउँपालिकाको वस्तुस्थिति विवरण तयार भएको भए वा उपलब्ध तथ्याङ्क एवं सूचनाका आधारमा विषय क्षेत्रगत वस्तुस्थिति विवरण तयार गर्न सम्बन्धित शाखा प्रमुखहरुलाई निर्देशन दिने,

(च) विषय क्षेत्रगत रुपमा वर्गीकरण गरी पेश भएका क्षेत्रगत नीति, कार्यक्रम, आयोजना तथा बजेट सम्बन्धित विषयगत समितिमा छलफल तथा प्रस्तावका लागि पठाउनु पर्नेछ ।

(छ) वस्ती तथा वडाबाट योजना छनौट तथा प्राथमिकताको लागि कार्यतालिका तथा जिम्मेवारी तोक्ने र आवश्यक सहजिकरण गर्ने,

(ज) आवश्यकता अनुसार अन्य ।

(९) **दोश्रो बैठकको सम्भावित कार्यसूची**

(क) वस्तीस्तर र वडा समितिहरुबाट प्राथमिकिकरण भै आएका आयोजना तथा कार्यक्रमहरुलाई एकत्रित गर्ने,

(ख) एकत्रित गरिएका आयोजना तथा कार्यक्रमहरुलाई श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले दिएको वजेट सीमाभित्र राखी आयोजना तथा कार्यक्रमको प्राथमिकिकरण गरेर पुनः पेश गर्न दिग्दर्शनले तोकेको पाँचवटा विषयगत समितिलाई विवरण उपलब्ध गराउने,

(ग) विषयगत रुमा

(ख) विषयगत समितिहरुले प्राथमिकता क्रम अनुसार तयार गरेका प्रस्तावहरुलाई समितिले दिग्दर्शनको अनुसूची ४ (क) र (ख) अनुसार एकीकरण गर्ने । यी कार्य सम्बन्धित विषयगत समितिका सदस्य-सविचको सहयोगमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्य-सचिवले गर्ने ।

(ग) विषयगत समितिले निर्धारित बजेट सीमा भित्र रही कार्यक्रम/आयोजनाको प्राथमिकीकरण, वडागत विभाजन, वडास्तरीय र कार्यपालिकास्तरीय गौरवका आयोजना, बहुवर्षीय आयोजनाहरुको वर्गीकरण गर्नुपर्नेछ । (आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फारम स्थनीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को अनुसूची ३ (क) र (ख) अनुसार तयार गर्नुपर्नेछ ।

(झ) आवश्यकता अनुसार अन्य ।

**(१०) तेश्रो बैठकको सम्भावित कार्यसूची**

(क) विषयगत समितिहरुबाट प्राथमिकता गरी समितिमा प्राप्त नीति, कार्यक्रम र वजेटलाई एकत्रित गरी प्राथमिकिकरण गर्ने,

(ख) बजेट तथा कार्यक्रम तर्जुमा समितिले श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मार्गदर्शन, राजस्व परामर्श समितिको सिफारिश, विषयगत समितिबाट पेश भएका प्रस्ताव तथा अन्य अध्ययन प्रतिवेदनका आधारमा गाउँपालिकाको आगामी वर्षका लागि विकासका नीतिहरुको मस्यौदा तयार गरी वैठकमा छलफल गरी अनुमोदन गर्ने ।

(ग) विषयगत समितिहरुले गैसस, सहकारी संस्था, सामाजिक संघ संस्थाहरु तथा उपभोक्ता समिति, टोल सुधार संस्थाहरुले आफ्नो श्रोतबाट सञ्चालन हुने आयोजनाहरु समेत विषयगत योजनाको रुपमा समावेश गर्ने ।

(घ) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को अनुसूची ४ (क) र (ख) अनुसार एकिकृत गरिएको कार्यक्रम, आयोजना तथा बजेट समितिको सदस्य-सचिवले वैठकमा प्रस्तुत गरी छलफलद्वारा आवश्यक परिमार्जन सहित अनुमोदन गराउने ।

(ङ) समितिले आगामी आ.व.को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट तयार भएपछि दिग्दर्शनको अनुसूची ५ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(च) समितिले प्रस्तावित बजेट तथा कार्यक्रम गाउँ कार्यपालिकामा अनुमोदनका लागि पेश गर्नुपर्नेछ ।

(छ) गाउँसभामा पेश गर्ने आगामी आ.व.को नीति तथा कार्यक्रम र वजेटको पूर्ण विवरण सहितको प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्ने,

(ज) आवश्यकता अनुसार अन्य ।

**११. चौथो बैठकको सम्भावित कार्यसूची**

(क) चालु आ.व.को लागि स्वीकृत वार्षिक नीति तथा कार्यक्रम र वजेटको कार्यान्वयनको स्थितीको समिक्षा गर्ने,

(ख) समिक्षाको आधारमा गाउँसभाको हिउँदे अधिवेशनमा संशोधन गर्नुपर्ने नीति, तथा कार्यक्रम र वजेटलाई विधेयकको रुपमा संशोधन गर्न कार्यपालिकामा प्रस्ताव लैजाने,

(ग) सम्बन्धित विषयगत समितिहरुसँगको समन्वयमा स्वीकृत वार्षिक नीति तथा कार्यक्रम र वजेट कार्यान्वयन गर्न आवश्यक पर्ने नीति, कानुन तथा कार्यविधिहरु तर्जुमा गर्न आवश्यक कार्य गर्ने,

(घ) आवश्यकता अनुसार अन्य ।

१२. **समितिको वैठक प्रणालीः** (१) समितिको बैठक संचालन प्रणाली देहाय बमोजिम हुनेछः

(क) समितिको बैठक समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(ख) समितिको वैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुमध्येबाट जेष्ठ सदस्यले गर्नेछ,

(ग) समितिको वैठकमा आवश्यकता अनुसार कार्यपालिकाका सदस्य, शाखा प्रमुख तथा बिषय बिज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ,

(घ) समितिको वैठकको निर्णय सर्वसम्मत प्रणालीबाट पारित हुनेछ यदी सर्वसम्मत हुन नसकेमा वहुमत प्रणालीबाट पारित गरिनेछ,

(ङ) समितिको वैठकको निर्णय समितिका सदस्य सचिबाट प्रमाणित गरिनेछ ।

## परिच्छेदः ५

## विविध

१३. **सहयोग गर्नुपर्नेः** (१) गाउँपालिकाको वार्षिक योजना तर्जुमा गर्न गाउँपालिका स्तरका राजनीतिक दल, बृद्धिजिवी, सामाजिक संघ संस्था, गैर सरकारी संस्था, उपभोक्ता समितिले सहयोग गर्नुपर्नेछ ।

(२) गाउँपालिकाको वार्षिक योजना तर्जुमा गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिले सम्बन्धित विज्ञ तथा परामर्शदाता परिचालन गर्न सक्नेछ ।

(३) समितिले बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा अन्य गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको प्रतिनिधि आमन्त्रण गर्न सक्नेछ ।

१४. **बैठक भत्ताः** (१) बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा विषयगत समितिका पदाधिकारीहरुलाई बैंठकमा उपस्थिति अनुसार नियमानुसार बैंठक भत्ता उपलब्ध गराउन सकिनेछ ।

(२) समितिका पदाधिकारी बाहेक अन्य आमन्त्रिक तथा कर्मचारीहरुलाई वैठकमा भाग लिएका दिनको आधारमा समितिका पदाधिकारीले पाउने दर अनुरुप नै प्रदान गरिनेछ ।

१५. **उपसमिति वा कार्यदल गठन गर्न सकिनेः** (१) समितिले गाउँपालिकाको योजना तर्जुमा प्रकृया र बजेट निर्माणसँग सम्बन्धित कुनै बिषय वा क्षेत्र सम्बन्धमा अध्ययन अनुसन्धान गर्न आवश्यक ठानेमा उपसमिति वा कार्यदल गठन गर्न सकिनेछ ।

(२) यसरी गठन हुने उपसमिति वा कार्यदलको कार्य विवरण, सेवा शर्त सुविधा सम्बन्धी व्यवस्था समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१६. **बैंठकको निर्णय प्रमाणिकर र अभिलेखः** (१) बजेट तथा कार्यक्रम तर्जुमा समितिले समितिको वैठकहरुको निर्णय संयोजक तथा सदस्य-सचिवकोसंयोजक तथा सदस्य-सचिवको दस्तखत गराई अभिलेख राख्नु पर्नेछ ।

(२) विषयगत समितिहरुले आ-आफ्ना समितिका वैठकहरुका निर्णय तथा प्रस्तावहरु संयोजक तथा सदस्य-सचिवबाट प्रमाणित गराई अभिलेख राख्नु पर्नेछ ।

१७ **कार्यविधिको व्याख्याः** यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार गाउँकार्यपालिकामा रहनेछ ।

१८. **प्रचलित कानूनसंग वाझिएमा** : यस कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानूनसंग वाझिएको खण्डमा वाझिएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ ।